annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २५, अंक २७, पृष्ठ ८ | काठमाडौं, बुधबार १३ जेठ २०८३ | ज्येष्ठ शुक्लपक्ष एकादशी, नेपाल संवत् ११४६ | WEDNESDAY, MAY 27, 2026 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित मूल्य : रु. १०


आवरण समाचार

# सामाजिक सुरक्षा भत्तामाथि महालेखाको प्रश्नै–प्रश्न

विपन्न र असहाय नागरिकका लागि सामाजिक सुरक्षा भत्ता ठूलो सहारा हो । तर, 'हुँदा खाने र हुने खाने'लाई समान भत्ता वितरण हुँदा राज्यकोषमाथि ठूलो भार थोपरिँदै गएको छ । बर्सेनि भत्ता लाभदायकको संख्या ह्वात्तै बढ्दा यसको दिगोपना र स्रोत व्यवस्थापन चुनौतीपूर्ण बन्दै गएको छ । अर्कोतिर, एउटै व्यक्तिले दोहोरो सुविधा लिने, स्थानीय तहमा हुने अनियमितता र वितरण प्रणालीका अप्ठचाराले सामाजिक सुरक्षा भत्ता लिन दुर्गम र विपन्न नागरिकले सास्ती भोगिरहेका छन् ।

समाचार पृष्ठ २

सुरेन्द्र काफ्ले | काठमाडौं




स्रोत: राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

# प्रधानमन्त्रीलाई संसद्मा उपस्थित गराउने रास्वपाको प्रतिबद्धता

**अन्नपूर्ण** | *काठमाडौं*

सरकारको नीति तथा कार्यक्रम पेस भइरहँदा संसद् आएका प्रधानमन्त्री वालेन्द्र शाह त्यसपछि देखिएका छैनन्। नीति तथा कार्यक्रममा छलफल हुँदासमेत अनुपस्थित प्रधानमन्त्री सांसदले उठाएका जवाफ दिनसमेत आएनन्।

विपक्षी दलले जवाफ दिन माग गर्दै पटक-पटक संसद् अबरुद्ध गरे पनि प्रधानमन्त्री सदनमा आइपुगेका छैनन्। सांसदको मागबारे स्वयं सभामुख डोलप्रसाद अर्यालले प्रधानमन्त्रीलाई जानकारी गराए पनि सकारात्मक जवाफ आएको छैन।

मंगलबार प्रतिपक्षी दलहरूले प्रधानमन्त्री शाहकै कारण संसद् र संसदीय समितिहरूले प्रभावकारी काम गर्न नसकेको आरोप लगाए। उनीहरूले प्रधानमन्त्रीको उपस्थिति खोज्दै संसद् अबरुद्ध गरे।

विपक्षी अबरोधपछि मंगलबार नै केहीबेर रोकिएर बसेको बैठकमा राष्ट्रिय स्वतन्त्र पार्टीका मुख्य सचेतक कबीन्द्र बुर्लाकोटीले प्रधानमन्त्री एक साताभित्रै प्रतिनिधिसभाको बैठकमा आउने बताए। प्रधानमन्त्रीको सचिवालयसँग छलफल गरेको उल्लेख गर्दै उनले प्रधानमन्त्री आउने बताए। 'प्रधानमन्त्री सदनमा आउनुहुन्छ', मुख्य सचेतक बुर्लाकोटीले भने, 'सम्भवत: एक साताभित्र सदन आउने कुरा जानकारी गराउन चाहन्छु।'

विपक्षी दलहरूले प्रतिनिधिसभा नियमावलीअनुसार प्रधानमन्त्रीसँगको प्रश्नोत्तरको समय निर्धारण गर्न सभामुखलाई दबाब दिँदै आएका छन्। मंगलबार बिहान बसेको बैठकमा विपक्षी दलहरूलाई बुर्लाकोटीले प्रधानमन्त्रीलाई ल्याउन पहल गर्ने बताएका थिए।

मुख्य सचेतक बुर्लाकोटीको प्रतिबद्धताप्रति विपक्षी दल भने अझै विश्वस्त हुन सकेका छैनन्। कांग्रेस प्रमुख सचेतक बासना थापाले सरकार बहुमतको दम्भमा रहेको बताइन्। 'सरकार बहुमतको दम्भमा संसद्को गरिमा र प्रतिपक्षको भूमिका कमजोर बनाउने दिशातर्फ देखिएको छ, प्रतिपक्षको अवरोधबीच विधेयकहरू पास भइरहेका छन्। प्रधानमन्त्रीकै कारण संसदीय समितिहरू प्रभावकारी रूपमा काम गर्न सकिरहेको छैन,' उनले भनिन्।

एमाले प्रमुख सचेतक ऐन महरले प्रधानमन्त्री संसद्मा आएर उठेका प्रश्नहरूको जबाफ दिनुपर्ने दोहोऱ्याए। 'प्रधानमन्त्रीले सदनलाई किन यो ढंगबाट बेवास्ता गर्न खोजिरहनुभएको छ, खोपीको देउता बन्दै हुनुहुन्छ, म सत्तापक्ष सरकारलाई सोध्न चाहन्छु- प्रधानमन्त्रीलाई खोपीको देउता बनाउँदै घन्टी बजाएर पूजा गरेको हो? के बालेनतन्त्र स्थापना गर्न खोजिएको हो?,' उनले प्रश्न गरे।

महरले संविधान, प्रतिनिधिसभा नियमावली कार्यान्वयन गर्न र जनतमत सम्मान गर्न पनि प्रधानमन्त्री सदनमा उपस्थित हुनुपर्ने बताए। अन्यथा प्रधानमन्त्री उपस्थित नभएसम्म सदनको कारबाही अघि नबढाउन आग्रह गरे।



नेपाली कम्युनिस्ट पार्टीका प्रमुख सचेतक युवराज दुलालले संसदीय व्यवस्थामा प्रतिपक्षी पनि हुन्छन् भन्ने हेक्का राख्नुपर्ने बताए। 'भलै अहिले सत्तारूढ दल बहुमतमा छ, हामीले स्वीकार गरेका पनि छौं। सँगसँगै प्रश्न गर्ने आधा हिस्सा प्रतिपक्षीको बेञ्चमा पनि छ भन्ने हेक्का राख्नुपर्छ,' उनले भने।



> प्रधानमन्त्री सदनमा आउनुहुन्छ, सम्भवत: एक साताभित्र सदन आउने कुरा जानकारी गराउन चाहन्छु ।
>
> **कवीन्द्र बुर्लाकोटी**, मुख्य सचेतक, रास्वपा

श्रम संस्कृति पार्टीका सांसद ध्रुवराज राईले प्रधानमन्त्री वालेन्द्र शाहलाई पैसा तिरेर भए पनि संसद् मा ल्याउनुपर्ने बताए। 'हामीले हाम्रो प्रधानमन्त्रीको आवाज जनताको बीचमा लैजान पाऊँ। जति महँगो भए पनि तिरौं न। उहाँ कलाकार मान्छे पनि हो। सायद हिजोतिर पैसामा हिँड्ने बानी भएर हो कि, होइन भने देश र जनताप्रति उत्तरदायी हुनुपर्छ,' उनले भने।

राईले सभामुख र सत्तापक्षका सांसदहरूलाई प्रधानमन्त्रीलाई सम्झाउन आग्रह गरे। 'तपाईंको गरिमाको कुरा हो सभामुख महोदय, हजुरले के गरिराख्नु भएको छ। विश्वले हेरेको छ', सांसद राईले भने, 'हिजो जस्तो दम्भ हो भने अधोगतिमा लाग्छ। सम्झाई बुझाई गरी ल्याऔं प्रधानमन्त्रीलाई।'

सभामुख अर्यालले भने प्रधानमन्त्री सदनमा आएर सांसदको प्रश्नको जवाफ दिने तयारीमा रहेको बताए। 'माननीय सदस्यहरूले प्रधानमन्त्री आउने मिति माग्नुभएको छ। सदन चलेको दिन नै आउनुहुन्छ। हाम्रो प्रक्रिया पनि कार्यपालिकाले व्यवस्थापिकालाई सूचना पठाउने नियम छ,' अर्यालले भने, 'सरकारको आफ्नो तयारी होला। तयारी भएपछि उहाँले मिति दिनुहुन्छ। त्यसपछि म मिति नै सार्वजनिक गर्छु। अहिले छिट्टै सदनमा आउने र उठाउने प्रश्नको जवाफ दिने भनिराख्नुभएको छ।'

**भिडियो खिचेको भन्दै सांसदलाई निकालियो**

सभामुख डोलप्रसाद अर्यालको आदेशबिना नै मर्यादापालकहरूले प्रतिनिधिसभा बैठक कक्षबाट कांग्रेस सांसद गीताकुमारी सेन्दाङलाई निकालेका छन्। फोटो र भिडियो डिलिट गरेर सेन्दाङ पुन: संसद् बैठकमा सहभागी भएकी थिइन्। सभामुखले भने मर्यादापालकको हस्तक्षेपको बचाउ गरेका थिए।

## अमेरिकाले फेरि हमला गरेपछि खामेनीको कडा चेतावनी

**इरान** (बीबीसी): अमेरिकाले फेरि हमला गरेपछि इरानका सर्वोच्च नेता मोज्तबा खामेनीले सार्वजनिक टिप्पणी गरेका छन्। इरानका सर्वोच्च खामेनीले लिखित सन्देश जारी गरेका छन्। उक्त सन्देश सरकारी टेलिभिजनमार्फत पनि प्रसारण गरिएको छ। खामेनीको यो सन्देश अमेरिकाले गरेको पछिल्लो हमलापछि आएको हो।

अमेरिकी सेनाले दक्षिणी इरानमा नयाँ हमला गरेको जनाएको छ, जसमा इरानी मिसाइल अड्डा तथा समुद्रमा बारुदी सुरुङ बिछ्याउने प्रयास गरिरहेका जहाजहरूलाई निशाना बनाइएको बताइएको छ। अमेरिकी सेन्ट्रल कमान्डले जारी गरेको वक्तव्यमा यी हमला आत्मरक्षाका लागि गरिएको र इरानी बलबाट सैनिकहरूलाई हुन सक्ने खतरा रोक्नु यसको उद्देश्य रहेको उल्लेख गरिएको छ।

मार्चमा सर्वोच्च नेता चयन भएपछि खामेनी सार्वजनिक रूपमा देखिएका छैनन्। अहिलेसम्म उनले लिखित बयान मात्रै जारी गर्दै आएका छन्।

खामेनीले आफ्नो लिखित सन्देशमा खाडी क्षेत्रका देशहरू अब अमेरिकी सैन्य अड्डाका लागि ढाल नबन्ने बताएका छन्। उनले भनेका छन्, 'समयको चक्र अब पछाडि फर्किने छैन र यस क्षेत्रका देश तथा भूमि अब अमेरिकी अड्डाहरूका लागि ढाल बन्ने छैनन्।' अमेरिका दिन प्रतिदिन आफ्नो पुरानो हैसियतबाट टाढिँदै गएको बताउँदै आफ्नो सन्देशमा भनेका छन्, 'अस्थिर जायोनी शासन र इजरायल आफ्नो दुर्भाग्यपूर्ण अस्तित्वको अन्तिम चरणमा पुगेका छन्।'

सर्वोच्चको आदेश

## 'विदेशबाट पनि बयान र बकपत्र गर्न दिनू'

**काठमाडौं** (अन्नपूर्ण): सर्वोच्च अदालतले नेपालमा चलिरहेको मुद्दामा विदेशस्थित नेपाली दूतावास वा कूटनीतिक नियोगमा उपस्थित भई अनलाइनमार्फत बयान र बकपत्र गराउन सकिने ऐतिहासिक आदेश गरेको छ। न्यायाधीशद्वय हरि फुयाल र बालकृष्ण ढकालको संयुक्त इजलासले सूचना प्रविधिको तीव्र विकास र समाजको आवश्यकताअनुसार अदालत पनि गतिशील हुनुपर्ने ठहर गरेको हो।

प्रविधिको बढ्दो प्रयोगले भौगोलिक सीमानालाई संकुचित गरिरहेको अवस्थामा यसलाई निषेध गर्नुभन्दा नियमित गरी न्याय सम्पादनमा सहजता ल्याउनुपर्ने सर्वोच्चको व्याख्या छ। आदेशसँगै अध्ययन वा रोजगारीका लागि विदेशमा रहेका लाखौं नेपालीहरूलाई भौतिक रूपमा अदालत उपस्थित हुँदा लाग्ने समय र आर्थिक स्रोतको बचत भई ठूलो राहत पुग्नेछ। यसअघि विशेष अदालतमा विचाराधीन एक भ्रष्टाचार मुद्दामा बुटवलकी प्रतिवादी युवती सभ्यता केसीले अस्ट्रेलियाबाटै अडियो भिजुअल माध्यमबाट बयान गर्न दिएको निवेदनमा न्यायाधीशहरूबीच मतभेद भएको थियो। विशेष अदालतका अध्यक्ष टेकनारायण कुँवरले अनुमति दिन सकिने राय दिए पनि सदस्यहरू मुरारीबाबु श्रेष्ठ र रितेन्द्र थापाले 'भोलि थुनामा राख्नुपर्ने वा धरौटी मागिने आदेश भएमा विदेशबाट त्यसको कार्यान्वयन कसरी गर्ने?' भन्दै अनुमति दिन नसकिने बहुमतको निर्णय सुनाएका थिए।

सर्वोच्च अदालतले धरौटी वा जमानत बुझाउनुपर्ने भएमा प्रतिवादीले सम्बन्धित दूतावासको खातामा वा नेपालस्थित कानुनी वारिसमार्फत अदालतमा रकम दाखिला गर्न सक्ने व्यावहारिक विकल्प दिएको छ।

## इबोला भाइरस संक्रमण: जोखिम कति नजिक ?

- कंगोबाट स्वदेश फर्कने शान्ति सेनालाई २१ दिन आइसोलेसनमा राखिने
- ९ सय ७० जनाभन्दा बढी नेपाली सेना कंगोमा परिचालन

**दिनेश गौतम** | *काठमाडौं*

कंगोको इटुरी प्रान्तमा इबोला प्रकोप फैलिएपछि नेपालमा पनि हुन सक्ने सम्भावित संक्रमणप्रति सतर्कता अपनाइएको छ। संयुक्त राष्ट्रसंघीय शान्ति मिसनअन्तर्गत नेपाली सेना इटुरी प्रान्तका तीनवटा स्थानमा खटिएका छन्। नेपाली सेनाका प्रवक्तासमेत रहेका ब्रिगेडियर जनरल राजाराम बस्नेतका अनुसार, इटुरी प्रान्तको राजधानी बुनियालगायतका ३ स्थानमा ९ सय ७० जनाभन्दा बढी नेपाली सेना खटिएका छन्। कुनै कारणवश कंगोबाट स्वदेश फर्किएका आफ्ना शान्ति सेनालाई २१ दिनसम्म अनिवार्य आइसोलेसनमा राख्ने निर्णय गरिएको प्रवक्ता बस्नेतले जानकारी दिए।

प्रवक्ता बस्नेतले अन्नपूर्णसँग भने, 'छुट्टी तथा अन्य कुनै कारणले स्वदेश आउनुपर्ने अवस्था भएको खण्डमा २१ दिन आइसोलेसनमा राखेर मात्र पठाउने निर्णय भएको छ। आइसोलेसनको अवधिमा पनि मेडिकल विभागले सम्बन्धित व्यक्तिसँग समन्वय र सम्पर्क गर्दै स्वास्थ्य परीक्षण गर्नेछ।'

विश्व स्वास्थ्य संगठन (डब्लूएचओ) ले प्रजातान्त्रिक गणतन्त्र कंगोको पूर्वी इटुरी प्रान्तमा इबोला प्रकोप फैलिएपछि विश्वव्यापी चासो बढेको जनाउँदै विश्व स्वास्थ्य संकट घोषणा गरेको छ। अहिले बुनिया प्रान्त नजिकैका स्थानमा इबोला भाइरसको संक्रमण देखिएको छ। 'फिल्डमा निर्देशन पनि गइसकेको छ। निर्देशन अनुसारको समन्वय पनि भएको छ,' प्रवक्ता बस्नेतले भने, 'नेपाली सेनाको शान्ति सेना निर्देशनालय र संयुक्त राष्ट्रसंघको मेडिकल सुरक्षा प्रोटोकल दुवै तर्फबाट निर्देशन भइसकेको छ।'

बस्नेतका अनुसार सुरक्षात्मक उपायका साथै संक्रमणको अवस्थामा गर्न हुने र गर्न नहुने विषयहरूबारे जानकारी गराइसकिएको छ। 'बाहिर पेट्रोलिङ गरेर फर्केको टोलीलाई आइसोलेसनमा राख्ने गरिएको छ। सुरक्षा प्रोटोकल पालना गरेर मात्र परिचालन गरिएको छ,' प्रवक्ता बस्नेतले भने। नेपाली शान्ति सेनामा अहिलेसम्म इबोला संक्रमण पुष्टि भएको छैन।



> बाहिर पेट्रोलिङ गरेर फर्केको टोलीलाई आइसोलेसनमा राख्ने गरिएको छ । सुरक्षा प्रोटोकल पालना गरेर मात्र परिचालन गरिएको छ
>
> **राजाराम बस्नेत**, प्रवक्ता, नेपाली सेना

इबोला संक्रमण हालसम्म कंगो र युगान्डामा पुष्टि भएको डब्लूएचओले जनाएको छ। इबोला जंगली जनावरमा पाइने भाइरसबाट मानिसमा सर्ने विश्व स्वास्थ्य संगठनको भनाइ छ। यो मानिसबाट मानिसमा पनि फैलिने गर्छ। यसका प्रारम्भिक लक्षणमा ज्वरो आउने, अत्यधिक कमजोरी महसुस हुने, मांसपेशी दुख्ने तथा घाँटी खराब हुने लगायतका छन्।

रोग बढ्दै जाँदा बान्ता हुने, झाडापखाला लाग्ने तथा कतिपय अवस्थामा आन्तरिक र बाह्य रक्तस्रावसमेत हुन सक्छ। भाइरस सङ्क्रमण भएपछि रोगका लक्षण देखिन दुईदेखि २१ दिनसम्म लाग्न सक्छ।

» बाँकी पृष्ठ ६